# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# लेकम गाउँपालिका
## दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३२४

मितिः २०७९।३।१२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
लेकम गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले लेकम गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. २ करोड ९ लाख ३४ हजार बेरुजु देखिएको छ । सोमध्ये मिति २०७८।७।३० मा प्राप्त प्रतिक्रियाबाट रु. ५ लाख ३१ हजार फर्स्योट भई असुल गर्नुपर्ने रु. ३७ लाख ९३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ४७ लाख ९५ हजार, नियमित गर्नुपर्ने रु. १३ लाख २० हजार तथा पेश्की रु. ४ लाख ९५ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु. ७ करोड ९ लाख ६ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ९ करोड १० लाख ६६ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असूली अनुमान अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, बैङ्क हिसाब मिलान नगरेको, वित्तिय समानीकरणकबाट शिक्षकको तलब, लेखापरीक्षण समिति गठन, करार कर्मचारी लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । लेकम गाउँ कार्यपालिका, लेकम गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# लेकम गाउँपालिका, दार्चुला

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६० | ३२ | २०९३४ | ० | २ | ५३१ | ६० | ३० | २०४०३ | ३७९३ | १३२० | १४७९५ | ० | ० | १६११५ | ४९५ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७०९०६ | ० | २४३ | ७०६६३ | ० | २०४०३ | ९१०६६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : लेकम गाउँपालिका, दार्चुला , लेकाम गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | nar bahadur thagunna | २०७८-१२-४ | २०७८-१२-१५ |
| कार्यालय प्रमुख | bir bahadur ayer | २०७७-६-४ | २०७८-९-१५ |
| कार्यालय प्रमुख | Narayan Datta Bhatt | २०७८-१२-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | mamata bist | २०७६-९-१३ | |
| | | **बेरुजु रकम** | २०,४०२,६६८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७,३९,८१,८००.२२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४,९०,५८,४४६ | चालु खर्च | २६,५७,७६,७१० |
| प्रदेश सरकारबाट अनुदान | २,०६,०६,००० | पूँजीगत खर्च | १३,४१,९५,१०३ |
| राजश्व बाँडफाँट | ४,७६,४०,७१४.६७ | वित्तीय/अन्य व्यवस्था | ११,८२,६९,८६९ |
| आन्तरिक आय | २९,१६,५९३.३५ | | |
| अन्य आय | ९,५३,९७,५७६ | | |
| कुल आय | ५१,५६,१९,३३०.०२ | कुल खर्च | ५१,८२,४१,६८२ |
| बाँकी मौज्दात | | ७,१३,५९,४४९.२४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय र वित्तिय विवरण**<br>**परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस लेकम गाउँ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँ पालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, ८३।९८ वर्ग किलोमिटर क्षेत्रफल तथा १४८३८ हजार जनसंख्या रहेको छ ।<br>**वित्तीय विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>· पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>· पालिकाले बैंक समायोजन हिसाब तयार गरि हिसाव मिलान गरेको तथा खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु २३८३८०६।७६ ले फरक देखिएको छ ।<br>· सुत्रको माध्यम मार्फत तयार प्रतिबेदनमा स्थानीय तहको चालु तथा बिगतको पेश्की तथा बिभिन्न कोषको कारोबारको पुर्ण प्रतिनिधित्व हुन सकेको छैन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ। | |
| २ | | | **बैंक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | २,३८३,८०६.७६ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| | स्थानीय सञ्चित कोष खाता | ५५६१४९५९।२४ | ५७६९३७५२ | २०७८७९२।७६ |
| | धरौटी खाता | १५२८३३६१ | १५२८३३६१ | ० |
| | कोभिड कोष खाता | १४९११५ | १८९६९१ | ४०५७६ |
| | कर्मचारी कल्याण कोष खाता | | ० | ० |
| | अन्य खाताहरु | ६००० | २७१४३८ | २६५४३८ |
| | जम्मा | ७१०५३४३५।२४ | ७३४३८२४२ | २३८३८०६।७६ |

३

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ११ ऐन, ११ नियमावली, ४ कार्यविधि ०० निर्देशिका र ०० नर्म्स समेत २६ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

इ टिडियस असार मसान्त पछि भएको पालिकाको भनाइ रहेको छ।

· निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

· निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु ३३१८७८२४।०० खर्च लेखेको पाईयो ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन

· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको सूचनाबैंक खडा गरेको देखिएन

· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।वडा कार्यालयहरुले छुट्टै जिन्सि दाखिला गर्ने गरेको उललेख छ।

· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन

· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेकोपाईएन।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | · कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **सुत्रमा नसमेटिएको कारोवार**<br>यस गाउपालिकाको आ.व २०७६।७७ देखि सुत्र प्रणालीमा आर्थिक कारोवार सन्चालन गरेको छ।उक्त प्रणाली कार्यान्वयनमा भएता पनी लागुहुनु पुर्वका फछ्यौंट हुन बाँकी पेश्कीहरुको अभिलेख तथा फर्छयौट यस प्रणालीमा समावेस गरेको देखिएन।त्यसैगरि बिगतका कोषहरु पनि यसमा पूर्ण रुपमा नसमेटीएको अवस्था पाईयो । पेश्की फछ्यौट घटी बढी र पेश्की रकमको अभिलेखको कार्यान्वयन नभएको देखिएकोले बिगतको आर्थिक कारोबार संग सम्बन्धित क्रियकलापको वित्तिय विवरणले प्रस्तुत गर्न सकेको दिखिएन,। साथै बजेट वाँडफाँड तथा रकमान्तर र सामान्य गल्तिका कारण बजेट निकासा तथा खर्चको हिसाव मिलान र संशोधन अवस्थामा पनि यसको प्रयोग कार्यान्वयन निकायका आधिकारिक व्यक्तिवाट तत्काल हुन नसक्ने अवस्था रहेको देखिएकोकोले यस्ता समस्याको समाधानतर्फ समेत सम्बन्धित निकायको ध्यानाआकर्षण आवश्यक देखियो। | |
| ५ | | | **लेखापरीक्षण समितिको गठन**<br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ ले प्रतेक स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र सो वाट औंल्याईएका व्यहोरमा सुधार भए नभएको परीक्षण तथा आवस्यक कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने यो समितिले गरेको काम कारवाहिको प्रितबेदन स्थानीय तहका प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था भएता पनि ऐनको उक्त व्यवस्थाको कार्यान्वयन यो स्थानीय तहवाट कार्यान्वयन भएको नदेखीएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरिनु पर्दछ । | |
| ६ | | | **आयोजनाहरुको फरफारक** | | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४ प्रमखु प्रसासकीय अधिकृतको व्यवस्था गरेको र निजका काम कर्तव्य तथा अधिकार तोकेको छ । यसै दफाको उपदफ २ (ङ) मा आयोजनाहरूको फरफारकका लागि प्रतिबेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने काम तोकिएकोमा यस स्थानीय तहमा उक्त व्यवस्थाको कार्यान्वयन भएको देखिएन । कार्यान्वयन गरिएका आयोजना तथा योजनाको कार्यपालिकावाट मूल्याँकन भई देखिएका कमीकमजोरी समयमै सुधार गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरेको देखिएन ।अत सन्चालित आयोजनाको सन्चालनमा भएको खर्चको मूल्याँकन कार्यपालिकावाट हुन सकेको नदेखिएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरिनु पर्दछ । | |
| ७ | | | **खर्च सार्वजनिकीकरण**<br>सार्चजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आपूmले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिमार्फत काम गराएकोमा सवै उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट, खर्च पूर्णरुपमा सार्वजनिक गरेको पाइएन । नियममा भएको व्यवस्थाको पूर्णरुपमा पालना हुनुपर्दछ । | |
| ८ | | | **कानून निर्माण र कार्यान्वयन**<br>लेखापरीक्षण प्रतिवेदन उपर छलफल<br>:<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ९ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट १ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, ११ वटा कार्यविधि लगायत २६ वटा कानुन | |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले २६ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १० | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो बर्ष थप भएको १ गरी कूल २ विवाद दर्ता भएकोमा २ वटा मात्र फछ्र्योट भएको देखिन्छ । | |
| ११ | | | योजना तर्जुमा, बजेट तथा कार्यक्रम | |
| १२ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ३६ | २९००००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २८ | १२०००००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ८ | ६०००००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २८ | १५७०२२००० |
| ५ | ५० लाख भन्दा माथीका | १ | १७८५०००० |
| | **जम्मा** | **१०१** | **१९५७७२०००** |

१३ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री माधवी जोशीले २०७७।०४।१० गते रु.४९ करोड ३८ लाख ७१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०४।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

१४ **खर्च व्यवस्थापन**

चौमासिक पूँजीगत खर्च

:

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत

| | | | |
|---|---|---|---|
| | | | खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | | १३४१९५१०३ | ४८६९८६२ | २७९९३७८७ | १०१३३१४५४ | ८२१४३८८३ |
| | खर्च प्रतिशत | ७५।६१ | ३.६ | २०.८६ | ७५.५१ | ६१.२१ |

| | | | | |
|---|---|---|---|---|
| १५ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/०७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । | |


https://nams.oag.gov.np

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २०८८६३३६ | ११२०२९१४ | २।८ |
| सामाजिक क्षेत्र | २६५३२४१३० | २३१३६१७१७ | ५७।८४ |
| पूर्वाधार विकास क्षेत्र | १३६१८३३६० | ८५१५५९४४ | २१।२९ |
| वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० |
| संस्थागत विकास र सेवा प्रवाह | ० | ० | ० |
| वित्तीय व्यवस्थापन र सुशासन | २३४७७४१० | १२२२१६९ | ०।३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८३०६५०६० | ६००२९५४१ | १५ |
| **जम्मा** | **५२८९३६२९६** | **३९९९७१८०९** | **१००** |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७/०७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ५७।८४ प्रतिशत र सबै भन्दा घटी वित्तिय व्यवस्थापन र सुशासनमा ०.३ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१६ **खर्च विश्लेषण**

पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रू.७६८९८३९३।७५ राजस्व बाँडफाँड र अनुदानबाट रू.४१७३०५१६०।६७ समेत रू.४९४२०४६५४।२४ आम्दानी भएकोमा चालुतर्फ रू.२६५७७६७१० र पूँजिगततर्फ रू. १३४१९५१०३ र बित्तिय ब्यबस्थातर्फ रू. ०० समेत रू.३९९९७१८१३ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा १४.५५ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ११६६७०००/- खर्च भएको छ जुन आन्तरिक आयको १५.१७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.३६ प्रतिशत चालु र ४१.६७४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।

१७ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

<table>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु.३०२६६२६।०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन<br>कर्मचारी करार<br>:<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वीक्रित दरबन्दि भित्रविभिन्न पदमा ६० जना कर्मचारीहरु करारमा राखी रु.१५५६२१२०/- खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कल्याण कोष<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेको छैन</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सेवा प्रवाह व्यवस्थापन<br>वडा सचिवको पदपूर्ति<br>:<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हुने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>६</td><td>६</td><td>५</td><td>१</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन</td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ पालिकाको प्रोफाइल गत बिगत आवमा नै बनेको तर धेरै तथ्याकं समावेश गर्न नसकिएको पालिकाको भनाइ रहेको छ। | |
| २२ | | | **सेवा प्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ६६२ |
| मृत्युदर्ता | १22 |
| बसाईसराई दर्ता | १६९ |
| विवाह दर्ता | १८८ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **प'र्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | मि. |
| कालोपत्रे सडक मर्मत | 0 |
| ग्राभेल सडक निर्माण | कि.मि. |
| ग्राभेल सडक मर्मत | कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

२३

**अनुत्पादक तथा वितरणमुखी खर्च**

खाना तथा विविध खर्च

:

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु ९९३०८२।०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २४ | | | **आर्थिक सहायता** | |
| २४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले शैक्षिक प्रयोजनको लागि यो वर्ष सामुदायिक विद्यालय, कृष्ण स्नातक क्याम्पस लाली, प्राविधिक विद्यालय चौपाता र कुणी, सिमा प्रहरी लाली र इ प्र का चौपाता, बि ओ पि पोष्ट व्यवस्थापन लाइ रु.४३१९०००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २४.२ | | | गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७७ मा दीर्घ रोगी मुटु मृगौला फोक्सो कलेजो पक्षघात क्षयरोग बिग्रेका एच.आई.भि संक्रमित तथा क्यानसर पीडित व्यक्तिहरुलाई रु २००००/- देखि १०००००/-सम्म आर्थिक सहायता दिने व्यवस्था गरेको छ । गाउँपालिकाले कार्यपालिकाबाट निर्णय गराई कोरोना कोषबाट देहायका व्यक्तिलाई उपरोक्त सीमा भन्दा बढी आर्थिक सहायता दिएकोमा गाउँपालिकाको निर्णय कार्यविधि बमोजिमको रहेको देखिएन।। अतः कार्यविधिमा तोकिएको रकम भन्दा बढी आर्थिक सहायता दिएको नियमसम्मत नदेखिएको रु. | ९००,००० |

| भौचर नं.र मिति | नाम | विवरण | दिएको रकम | बढी दिएको |
|---|---|---|---|---|
| 6/077/10/13 | लोकेन्द्र सिँह बोहरा | दीर्घरोगी | 200000/- | 100000 |
| 7/077/6/8 | दिपेन्द्र बहादुर पाल | क्यान्सर पीडित | 500000/- | 400000 |
| 11/077/6/9 | जनक भाट | मेरुदण्ड भाँचिएको | 300000/- | 200000 |
| 13/077/6/15 | गायत्री घिमिरे | क्यान्सर पीडित | 300000/- | 200000 |
| **जम्मा रु.** | | | **1300000/-** | 900000 |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **मन्दिर निर्माण तथा मर्मत** | |

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न १८ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू.२६९७०००/- विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको २ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>अन्य कार्यालयको खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन गाउँपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>क्र स</th><th>कार्यलय वा संस्थाको नाम</th><th>कामको प्रकृतिको</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>सिमा प्रहरी लालि र इ प्र का रिठाचौपाता</td><td>कार्यालय व्यवस्थापन</td><td>४०००००</td></tr>
<tr><td>२</td><td>बि ओ पि पोष्ट व्यवस्थापन</td><td>कार्यालय व्यवस्थापन</td><td>१५०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>अन्य निकायको खर्च<br>गाउँपालिकाको निर्णय बमोजिम नेपाल प्रहरी र ससस्त्र प्रहरी बलको प्रहरी पोस्ट तथा बि ओ पी पोस्ट निर्माणको कामको लागि रकम बिनियोजन गरि खर्च लेखेको पाइयो | यसरि गाउँपालिकाको कार्य क्षेत्र बाहिरका निकायका कामको लागि बजेट बिनियोजन गरि खर्च लेखेकोमा सम्बन्धित निकायका प्रधान कार्यालय संग समन्वय गरेको पाइएन भने त्यसरी भएका कार्यका बारेमा सम्बन्धित निकायका प्रधान कार्यालय संग पत्राचार गरेको समेत पाइएन | यसरि समन्वय नगरी बजेट बिनियोजन तथा खर्च गर्दा सोहि कामका लागि सम्बन्धित निकायमा छुट्टै बजेट बिनियोजन हुन् सक्ने भएकाले एकै कामका लागि दोहोरो खर्च हुने देखिन्छ | तसर्थ त्यसरी अन्य निकायको कार्यक्षेत्रमा बजेट बिनियोजन तथा खर्च गर्दा सम्बन्धित निकायको बजेट तथा कार्यक्रम शाखासंग समन्वय गर्नु पर्ने देखिएको छ |उक्त कार्यमा भएको बजेट बिनियोजन तथा खर्चको अवस्था यस प्रकार छ |</td><td>८,०००</td></tr>
</table>

| भौचर नं. मिति | बिवरण | कार्य सम्पन्न रकम | भुक्तानी रकम | विनियोजित रकम |
|---|---|---|---|---|
| ११३/०७८/०३/१० | अस्थाई प्रहरी पोस्ट निर्माण लेकम ४ खर्कडा/उ.स. मार्फत | ८,५२,७६८।०० | ७,२७,४९१।०० | ८ लाख |
| ११७/०७८/०३/१७ | ससस्त्र प्रहरी बल बि ओ पी निर्माण | ८,९८,७५४।०० | ८,५१,७४७।०० | ९,४६,१४१।०० |

११७/०७८/०३/१७ ससस्त्र प्रहरी बल बि ओ पी पोस्ट निर्माण कार्यका लागि रु. ८,५१,४४७।०० खर्च लेखेकोमा समान ढुवानी बाफत अर्जुन सिंह राना (सवारी धनि म १ त ००२ ट्याक्टर ) लाई रु. ८००००।००भुक्तानी गरेकोमा नियमानुसार कट्टी गर्नुपर्ने बहाल कर रु.८०००।००अशुल गर्नुपर्ने रु.

२८

**अनुदान प्राप्ति, वितरण र फिर्ता**

अनुदान फिर्ता

:

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च तथा फिर्ता गरेको छ ।



https://nams.oag.gov.np

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम | फिर्ता हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २३१२५८४४६ | २०००१२२११ | ३१२४६२३५ | |
| | विषेश | १५००००००० | १४३७५६१३ | ६४२३८७ | |
| | समपुरक | ० | ० | ० | |
| | अन्य | ० | ० | ० | |
| प्रदेश सरकार | शसर्त | २००६००० | १६६९४३० | ३३६५७० | |
| | विषेश | ५०००००० | ३७७००७७ | १२२९९२३ | |
| | समपुरक | ६६००००० | १४३८३३३ | ५१६१६६७ | |
| | अन्य | ० | ० | ० | |
| | जम्मा | २५९८६४४४६ | २२१२६५६६४ | ३८६१६७८२ | |

२९

**अनुगमन प्रतिवेदन**

विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिक रुपमा प्रगतिप्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ ।

३०

**कर दस्तुर एवं आन्तरिक आय**

आयको अनुमान
:
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २००००००/- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. ३१६०५४८.२२ अर्थात् अनुमान भन्दा १.५८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३१

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** |
|---|---|---|
| सम्पती बहाल तथा पट्टा वाफतको आयमा लाग्ने कर | ३००००० | ० |
| भुमि कर/मालपोत | २००००० | ५००००० |
| बहाल कर | १५००० | ० |
| बहाल बिटौरी कर | ३५००० | ० |
| सवारी साधन कर (साना सवारी) | ६००००० | ० |
| अन्य कर | ८०००० | ८५६००० |
| अन्य प्रसासनिक सेवा शुल्क | ७००००० | १५६०५९३।३५ |
| न्यायिक दण्ड र जरिवाना जफत | ५०००० | ० |
| व्यवसाय कर | २०००० | ० |
| जम्मा | २००० | ० |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ३२ | | | **रकम ढिला दाखिला गर्ने** | |
| ३२.१ | | | आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले समयमै बैक दाखिला गर्ने गरेको छ। | |
| ३२.२ | | | **आयकर एवं मू.अ.कर**<br>**मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूनी १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ । पंजीकरण कार्यक्रम अन्तर्गत विभिन्न सुचना तथा सन्देश प्रसारण को लागि मलिकार्जुन सामुदायिक संस्थाद्वारा संचालित रेडियो लोकदर्पण ९४.६ मेगाहर्ज लाई भौचर नं. १२४/०७८/३/१८ र २४१/०७८/३/१८ बाट जम्मा रु.३०००००/- भुक्तानी भएकोमा निजको बिलहरु पानमा दर्ता भएको मात्र देखियो । | |
| ३३ | | | **भुक्तानीमा कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेको र कट्टी गरेकोमा पनि दाखिला नगरेकोले असुल एवं दाखिला गर्नुपर्ने रु. | १३८,१३४ |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | 15%कर कट्टी गर्नुपर्ने रकम | कर कट्टी गरेको रकम | नपुग कर रकम |
|---|---|---|---|---|---|
| 49/077/6/27 | मालिकार्जुन सामुदायिक संस्था रेडियो लोक दर्पण | 102400/- | 15360/- | 1536/- | 13824/- |
| 5/077/9/1 | होटल शिखर | 99390/- | 14908/- | 1490/- | 13408/- |
| विभिन्न | शेखर ट्रेड एण्ड सप्लायर्स | 741690/- | 111254/- | 111225/- | 100129/- |
| 53/077/8/15 | डिलक्स सुर्य प्रकाश | 23800/- | 3570/- | 357/- | 3213/- |
| 283/078/3/30 | शुभ लक्ष्मी इन्टरप्राइजेज | 56000/- | 8400/- | 840/- | 7560/- |

३४

**नन्फाइलर**

५३८,१३६

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २६(१) मा दर्ता भएको व्यक्तिले महिना समाप्त भएको २५ दिन भित्र अनुसूची १० बमोजिमको ढाचामा सम्बन्धित कर अधिकृत समक्ष कर बिवरण पेस गर्नु पर्ने व्यवस्था छ | पालिकाले तपसिल बमोजिमको फर्मलाई खानेपानी योजना निर्माणको भुक्तानी खर्च लेखेकोमा उक्त फर्मले कर बिवरण पेस गरेको देखिएन |तसर्थ नियमानुसार मु.अ.कर समायोजन गरेको प्रमाण पेस गर्नु पर्ने देखिएको रु......

| गो.भौ.नं. मिति | फर्मको नाम | पान भ्याट नं. | बिजक नं. र मिति | मु.अ.कर भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| ३३/०७८/०३/२४ | जय लटबाबा निर्माण सेवा एण्ड सप्लायर्स महाकाली न.पा. ४ | ३०५०९२६०५ | ३५/०७८/०३/३० | ५,३८,१३६/- | २०७७/४ देखि नन फाईलर |

३५

**खरिद व्यवस्थापन**

वार्षिक खरिद योजना वा गुरुयोजना

:

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३४१९५१०३ पूँजीगत

खर्च गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३६

**डिपीआर खर्च**

सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत मू.अ.कर सहित |
|---|---|---|---|
| चौपाता,पिड, गोगना सडक | ShiningAxis Consultant Pvt. Ltd | ८८४७९० | 624040995.5 |
| ओडी गाउँ– पौतोली– लाली (0+000 to 17+000**)** | EPI Nepal Pvt.Ltd | १७४८११० | 198851015.6 |
| ओडी गाउँ– पौतोली– लाली (**17**+000 to 21+103**)** | Shaan engineering Consultancy | ४११३२० | 49694678.86 |
| झलाती दलित बस्ती लिंक रोड | Malikarjun Consultancy | | 134422563.70 |
| **10 Bed Hospital** | Saipal Engineering Consultancy | १७९९९९९ | 177712825.38 |
| खेल मैदान बगौरा | Raghabi Engineering Services | १७४५८५० | 435091638.16 |
| | जम्मा | ६५९००६० | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।

३७ **सवारी साधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 1 थान मोटरसाईकल खरिदमा रु. २८३६००।०० खर्च गरेको पाईयो ।

३८ **मालसामान तथा उपकरण खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन ।

| क्र स | मालसामानको विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ल्यापटप प्रिन्टर तथा डेस्कटप र अन्य कम्प्युटर पार्टसहरु विभिन्न मितिमा | बोहरा इलेक्ट्रोनिक्स/उग्रतारा कम्प्युटर सफ्लायर्स | ३३७६९१ |
| २ | मोटर साइकल खरिद | श्याम राठि ट्रेडर्स | २८३६०० |
| ३ | सोलार खरिद | निराजन ट्रेड्रस एण्ड सफ्लायर्स | २७२४६८ |
| | जम्मा | | ८९३७५९.०० |

३९ **शिक्षातर्फ**

शिक्षक दरबन्दी र पदपूर्ति

:

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १. | श्रीगल्लाकेदार मा.वि.खरकडा | ९ | ९ | ५ | २३३ |
| २. | श्री हुनैनाथ मा.वि.रातामाटा | ९ | ९ | २ | १४६ |
| ३. | श्री लटिनाथ आ.वि.ओडीगाउँ | ६ | ६ | ३ | ४९ |
| ४. | श्री लटिनाथ आ.वि.टकना | २ | २ | ० | ३५ |
| ५. | श्री लटिनाथ आ.वि.मानबिसा | २ | २ | ० | २२ |
| ६. | श्री लटिनाथ आ.वि.पैतोली | १ | १ | ० | १५ |
| ७. | श्री मालिकार्जुन आ.वि.पाती | २ | २ | ० | २३ |
| ८. | श्री तमैराज आ.वि.झलाती | ३ | ३ | १ | ५० |
| ९. | श्री तमैराज आ.वि.जोगीभण्डार | १ | १ | १ | १४ |
| १०. | श्री तमैराज आ.वि.जोगीकोईराली | ३ | ३ | १ | १५ |
| ११. | श्री तमैराज आ.वि.मलेरा | २ | २ | ० | १८ |
| १२. | श्री तमैराज आ.वि.बुढाकोट | ३ | ३ | ० | ७४ |
| १३. | श्री ब्रहमदेब आ.वि. ऐरपाली | २ | २ | ० | ११ |
| १४. | श्री देवी आ.वि.खम्तड | ३ | ३ | ० | ६३ |
| १५. | श्री गणेश मा.वि.गाणगाउँ | ७ | ७ | १ | ७८ |
| १६. | श्री हुनैनाथ मा.वि.कुणी | ९ | ९ | २ | १८६ |



https://nams.oag.gov.np

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १७. | श्री जनज्योती आ.वि.खालीडाडँ | २ | २ | ० | १६ | |
| | | | | १८. | श्री कालासैनी आ.वि.गोईलाड | १ | १ | ० | २६ | |
| | | | | १९. | श्री केदारनाथ आ.वि.रतौडा | ३ | ३ | ० | २९ | |
| | | | | २०. | श्री केदारनाथ आ.वि.मकन्ना | ३ | ३ | १ | ३२ | |
| | | | | २१. | श्री कृष्ण मा.वि.लाली | १४ | १४ | ० | २२४ | |
| | | | | २२. | श्री मालिकार्जुन आ.वि.किम्तड | १ | १ | १ | २१ | |
| | | | | २३. | श्री पिपलकोट आ.वि.कुणी | ३ | ३ | ० | ६१ | |
| | | | | २४. | श्री शारदा आ.वि.कौलेती | २ | २ | ० | २२ | |
| | | | | २५. | श्री सरस्वती आ.वि.बिटोरा | ३ | ३ | ० | ३५ | |
| | | | | २६. | श्री ऐडीबाग मा.वि.मैखोली | ७ | ७ | २ | १०१ | |
| | | | | २७. | श्री बालिचन आ.बि.तिउनेगाउँ | ३ | ३ | ० | १०८ | |
| | | | | २८. | श्री भगवती आ.बि. पिड अम्कुर | २ | २ | ० | ५७ | |
| | | | | २९. | श्री भैरवनाथ आ.बि.श्रीपुरमेल्लाउ | ३ | ३ | ० | ७९ | |
| | | | | ३०. | श्री हुनैनाथ आ.बि.सिरोडा | २ | १ | १ | ४९ | |
| | | | | ३१. | श्री हुनैनाथ आ.बि.पिर्तोली | २ | २ | १ | ३८ | |
| | | | | ३२. | श्री हुनैनाथ आ.बि पिड | १ | १ | १ | २० | |
| | | | | ३३. | श्री खोदईनाथ आ.बि.गडेत | १ | ० | ० | ४४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४. | श्री लटिनाथ आ.बि.अम्कुर | १ | १ | १ | ३३ |
| ३५. | श्री लटिनाथ मा.बि.चौपाता | १५ | १५ | ३ | ३९५ |
| ३६ | श्री लटिनाथ आ.बि.गोगनाबिराली | ३ | ३ | ० | ६२ |
| ३७. | श्री मालिकार्जुन मा.बि.तेलीगाउँ | ८ | ८ | ३ | १८७ |
| ३८. | श्री मालिकार्जुनआ.बि.मैखोली | ३ | ३ | ३ | ५३ |
| ३९. | श्री मालिकार्जुन आ.बि.उचाकोट | ३ | ३ | १ | ३३ |
| ४०. | श्री बडीपूर मा.बि.सर्मोली | ८ | ८ | १ | ३४४ |
| ४१. | श्री हुनैनाथ आ.बि.डोबीगाउँ | २ | २ | २ | ७४ |
| ४२. | श्री हुनैनाथ आ.बि.भटाईजर | १ | १ | १ | ५३ |
| ४३. | श्री काल्सैनी आ.बि.कैनोडा | ३ | ३ | ० | २९ |
| ४४. | श्री केदारनाथ मा.बि.धरमघर | १० | १० | ३ | २०५ |
| ४५. | श्री केदारनाथ आ.बि.वित्थड | ४ | ४ | ० | ६७ |
| ४६. | श्री लटिनाथ आ.बि.चौड वित्थड | २ | २ | ० | २४ |
| ४७. | श्री मालिकार्जुन आ.बि.बण्डोली | २ | २ | २ | ३३ |
| ४८. | श्री मालिकार्जुन आ.बि.गराडी | ४ | ४ | १ | ११० |
| ४९. | श्री पन्चदेब आ.बि.बिनखाली | १ | १ | १ | १६ |
| जम्मा | | | | | ४०१२ |



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | यस सम्बन्धमा निम्न्ुसार देखिएको छः | |
| ४० | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.७८६२०००।०० तलब भत्ता भुक्तानी गरेको पाईयो | |
| ४१ | | | **मूल्य अभिवृद्धि कर कट्टि**<br>**१०८/०७८/३/१०** आर्थिक ऐन, २०७७ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । गाउँपालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड खरिद गर्दा श्री लटिनाथ सर्जिकल सप्लायर्ससँग सम्झौता गरी मू.अ.कर रु. १९५९१५.२१ सहित रु. १७०२९५५.३१ भुक्तानी दिएकोमा ३० प्रतिशत मू.अ.कर रु. ५८७७५/- कट्टी गरेको देखिएन । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु | ५८,७७५ |
| ४२ | | | **कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना नभएको**<br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । महालेखपरीक्षकको कार्यालयको स्वीकृत योजना बमोजिम केही विद्यालयलाई नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार पाठ्य पुस्तक तर्फ रु. १०२९०५/- , पि.सि.एफ.तर्फ रु ६५५०/-छात्रवृत्तीतर्फ रु ४५००/- लगायत रु ११३९५५/- बढी निकासा दिएको देखियो । तसर्थ पालिका अन्तर्गतका सबै विद्यालयको निकासा छानबिन गरी तोकीए भन्दा बढी निकासा भएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु. | ११३,९५५ |

| गो.भौ./मिति | विद्यालयको नाम | कार्यक्रम | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| 198/078/3/27 | श्री मालिकार्जुन मा.वि. तेलीगाउँ | निःशुल्क पाठ्यपुस्तक | 9008.00 | |
| | श्री केदारनाथ प्रा.वि. वित्थड | | 1910.00 | |
| | श्री हुनैनाथ मा.वि रातामाटा | | 27154.00 | |
| | श्री केदारनाथ मा.वि. धरमधर | | 3800.00 | |
| | श्री गल्लाकेदानर मा.वि.खरकडा | | 26349.00 | |
| | श्री हुनैनाथ मा.वि. कुणी | | 15264.00 | |
| | श्री कृष्ण मा.वि. लाली | | 9318.00 | |
| | श्री गणेश मा.वि गाणागाउँ | | 10102.00 | |
| 201/078/3/28 | श्री हुनैनाथ मा.वि. रातामाटा | पी सी एफ | 6550.00 | कक्षा १-5विद्यार्थी नभएकोमारु.4350निकासा |
| | श्री कृष्ण मा.वि. लाली | छात्रवृत्ति | 4500.00 | भरपाईको आधारमा |
| **जम्मा** | | | **113955.00** | |

| | | | | |
|---|---|---|---|---|
| ४३ | | | शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको वार्षिक कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार निम्न बिद्यालयलाइ भवन निर्माण तथा अन्य मर्मत सुधारको लागि भुक्तानि गरीएको रकमको आर्थिक वर्षको अन्त्य सम्म पनि कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | १०,३००,००० |

| सि.नं. | विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| 1 | लटिनाथ मा वि चौपात | भवन निर्माण | ६०००००० /- |
| 2 | लटिनाथ मा वि चौपात | २ कोठे भवन | १८०००००/- |
| 3 | हुनैनाथ मा वि रातमाटा | शौचालय निर्माण | ७०००००/- |
| 4 | केदारनाथ मा वि धरमधर | २ कोठे भवन | १८०००००/- |
| | जम्मा रु | | **१०३०००००/-** |

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु. १६९२०००।०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः- | |
| ४४.१ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । | |
| ४४.२ | | | आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | |
| ४४.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४४.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ४४.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४५ | | | **शशर्त कृषितर्फ**<br>**९९/०७८/२/२६** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ र प्राविधिक समिति तथा गाउँपालिकाको कार्यपालिकाको मिति २०७७/२/२३ को निर्णय बमोजिम तरकारी बाली पकेट कार्यक्रम अन्तर्गत १४७५०००/- लागत अनुमान भएको कार्यक्रम श्री जनजागृति कृषक समूह सँग रु.७३५०००/- लागत सहभागिता हुने गरी सम्झौता भएको छ । सो सम्झौताको बुँदा नं.४/९ र ४/१३ मा भुक्तानी पाउनको लागि अनिवार्य रुपमा बिलबिजक र भरपाई पेश गर्नुपर्ने उल्लेख छ । निज कृषक समूहले पेश गरेको बिल भरपाईमा रु २१००००/- को कम्पोष्ट मलको ८ जना व्यक्तिको १०० के.जी. रु. २१००/- प्रति के.जि.को दरले बुझेको भरपाई भएकोमा सो मल खरिदको बिल बिजक देखिएन।साथै कृषक विक्रम बोहरालाई रु १६२००/-को १ थान पोलिहाउस रु ३२००/- को स्प्रेयर टंकी रु. ४०००/- को थोपा सिँचाई र रु.१६००/- को इन्सकेछ नेट १ थान गरी जम्मा रु २५०००/- को सामान बुझिलिएकोमा सोको भरपाई देखिएन। अतः बिल बेगर रु. २१००००/- र भरपाई बेगर रु. २५०००/- को भुक्तानी सम्बन्धित पक्षबाट असुल गर्नुपर्ने रु<br>**प्रतिक्रियाः** मिति २०७९।१।२७ को निर्णयबाट लगत कट्टा गरिएको । | |
| ४६ | | | **परामर्श सेवा**<br>सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझैखरिद गरी | |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | रु. ६५९००६०.०० खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ४७ | | | **अधुरा आयोजना**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.१४६५४हजारको १ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।<br><br>योजनाको नाम \| सम्झौता मिति \| लागत अनुमान रू हजारमा \| सम्झौता रकम रु हजार \| हाल सम्मको भुक्तानी<br>उज्यालो लेकम कार्यक्रम(विधुतिकरण लेकम भरी) \| २०७७।१२।२७ \| १४६७० \| १४६५४ \| ११९८७ | |
| ४८ | | | **सामाजिक सुरक्षातर्फ**<br>लाभग्राहीको अभिलेख<br>:<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १० र ११ मा लाभग्राहीको नाम व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी परिचय पत्र जारी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका केही वडाको परीक्षाण गर्दा व्यवस्थापन सूचना प्रणालीमा नाम समावेश नगरी समेत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरेको देखियो । यस वर्ष कार्यालयले सामाजिक सुरक्षा भत्ता बापत रू. ५२६५३३१८.०० खर्च लेखेपनि अध्यावधिक विवरण विना खर्च लेखेकोमा एकिन गर्न सकिएन । पालिकाले छानविन गरी एकिन गरि खर्च लेख्नुपर्दछ । | |
| ४९ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन । पालिकाका २ वटा वडाको लेखापरीक्षण गर्दा निम्नलिखित व्यहोरा देखिएकाले अन्य वडाको यथार्थ व्यहोरा एकिन गर्न सकिएन । तसर्थ पालिकाले अन्य वडाको लाभग्राही लगत अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वापत खर्च यथार्थ हो की हैन छानविन गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ५० | | | वडा नं २ का वडा सचिव दुर्गादत्त जोशीले जम्मा लगेको पेश्की रकम रू. ११७२०८००.०० र खर्चको भएको रू.१०७७०८००.०० को फाँटवारी पेश गरी फिर्ता गर्न बाँकी देखिएकाले रू. ९,५०,०००.०० असुल उपर गरि राजस्वमा दाखिला गर्नु पर्ने रू. | ९५०,००० |
| ५१ | | | **समिति गठन**<br>विपद् व्यवस्थापन<br>:<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेकोछ। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ५२ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउन सम्बन्धी व्यवस्था छ । नगरपालिकाले ऐन तथा नियमावलीमा तोकिए बमोजिम विपद् व्यवस्थापन संचालन निर्देशिका जारी गरेको देखिए तापनि बजेट विनियोजन गर्ने कोभिड रोकथाम तथा नियन्त्रणका पूर्व तयारी गरी प्रतिकार्य समिति गठन गर्ने तथा सबै पक्षको समन्वय गरी कार्य गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ | |
| ५३ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले प्रकोप व्यवस्थापन कोष भित्र कोरोना कोष तथा विपत व्यवस्थापन कोषको व्यवस्था गरेको पाइयो।गत वर्षको मौज्दात समेत रु.३०००००० आम्दानी भई रु.२९९६५७८ खर्च गरी बाँकी रु. ३४२२ देखिन्छ । | |
| ५४ | | | **वार्षिक प्रतिवेदन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।<br><br>स्थानिय विपत व्यवस्थापन समिति गठन भएको भए पनि बार्षिक प्रतिवेदन उल्लेखित समितिमा माग भए देखि बाहेक पेश गर्ने नगरेको पालिकाको भनाइ रहेको छ। | |
| ५५ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः | |
| ५६ | | | **कोभिड १९ तर्फ** | |
| ५६.१ | | | आ.व २०७७/०७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण<br>निम्नानुसार रहेको छः | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | ५९६१४१२ | राहत वितरण | ० |
| स्थानीय तहको आफ्नै वजेटवाट | ४९६१४१० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ११०४२२५ |
| संघीय कोभिड कोषवाट | | औषधी एवं स्वास्थ्य उपकरण खरिद | १५३७५० |
| प्रदेश कोभिड कोषवाट | | आइसोलेसन केन्द्र निर्माण | ७०००० |
| अन्य स्रोतबाट | १०००००० | खोप कार्यक्रम खर्च | |
| | | जोखिम भत्ता | ४६५५६४४ |
| | | प्रशासनिक खर्च | |
| | | अन्य खर्च | ५७९००८८ |
| | | वाँकी | १४९११५ |
| **जम्मा** | **११९२२८२२** | | **११९२२८२२** |

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

| | | | | |
|---|---|---|---|---|
| ५६.२ | | | **राहत भरपाईः** गाउँपालिकाको निर्णयानुसार लकडाउनमा अलपत्र परेका विद्यार्थी मजदुरलाई प्रति व्यक्ति रु २०००/- गरी १९८ जनालाई जम्मा रु.३९६०००/- नगद राहत वितरण गरेको छ। प्रत्येक वडाका वडा सचिवले नगद बुझी वितरण गरकोमा वडा नं २खको देहायको व्यक्तिको भरपाई नरहेको देखियो । भरपाई बेगरको खर्च सम्बन्धित पक्षबाट असुल गर्नुपर्ने रु. | ६,००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>नाम</th><th>रकम</th></tr>
<tr><td>धन बहादुर कार्की</td><td>2000/-</td></tr>
<tr><td>ध्रुवराज जोशि</td><td>2000/-</td></tr>
<tr><td>महेश राज जोशि</td><td>2000/-</td></tr>
<tr><td>जम्मा रु</td><td>6000/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६.३</td><td></td><td></td><td>जोखिम भत्ताः कोरोना भाइरसको संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यव्थापन आदेश २०७७ को बुँदा नं. ३ मा हेल्थ डेस्कमा खटिएका, क्वारेन्टाइनमा कार्यरत जनशक्ति, उपचारमा संलग्न ,प्रयोगशाला परीक्षणमा संलग्न, जनशक्ति व्यवस्थापनमा खटीएका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्ने र बुँदा नं. ७ मा जोखिम भत्ता प्रतिशत उल्लेख छ।गाउँपालिकाको बैठक नं ८ मिति २०७७।६।६ मा गाउँपालिका अध्यक्ष उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत वडा अध्यक्षहरु लेखा सूचना स्वास्थ्य पशु तर्फका कर्मचारीहरु स्वास्थ्यकर्मी ल्याब तर्फ सुरक्षाकर्मीहरुलाई ४० प्रतिशत र अन्य कर्मचारीहरु कार्यपालिका तथा वडाका सदस्यहरुलाइ तलब स्केलको ३५ प्रतिशत जोखिम भत्ता दिने निर्णय भएको छ । सो निर्णयानुसार जौँखिम भत्तामा रु ४६७३७२३/- खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>भरपाई<br>आर्थक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। नगरपालिकाले देहाय अनुसार गरेको खर्चको भरपाई देखिएन।गाउँपालिकाले विभिन्न कार्यक्रममा दिएको भुक्तानीमा देहायको व्यक्तिलाई भुक्तानी दिएकोमा सोको भरपाई रहेको देखिएन । बिल भरपाई बेगरको भुक्तानी रु. ५५२५/- असुल गर्नुपर्ने</td><td>५,५२५</td></tr>
</table>

| भौचर नं.र मिति | नाम | रकम | कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| 29/077/9/29 | श्री सीता गुरुङ | 850/- | पंजीकरण | बैठक भत्ता |
| | श्री हरिदत्त जोशी | 850/- | | |
| | श्री अमृता बिष्ट | 850/- | | |
| 149/078/3/22 | श्री माधवी जोशि | 1785/- | शशर्त स्वास्थ्य तर्फ | वार्षिक समीक्षाको दैनिक भत्ता |
| | श्री नारायण दत्त भट्ट | 595/- | | |
| | श्री महेन्द्र राज जोशी | **595/-** | | |
| | **जम्मा रु** | **5525/-** | | |

५८

**गा.पा.पुँजीगत**

**ठेक्का नं. १०/०७६/०७७** उक्त सडक निर्माणको लागि निर्माण व्यवसायी पन्त निर्माण सेवा, मालिकार्जुन ७ संग मिति २०७७/०३/०४ मा रु. ५७,७२,९७२|०० मु.अ.कर समेत को सम्झौता भएको देखिन्छ | सो कार्यको सम्पन्न प्रतिबेदन अनुसार रु. ५७,७९,९८७|०० मु.अ.कर समेतको कार्य सम्पन्न भएको देखाई सोहि अनुसार भुक्तानी भएको छ | कबोल अंक भन्दा मु.अ.कर समेत रु. ७०१५|०० बढी भुक्तानी भएकोमा कामको भेरिएसन स्वीकृत बेगर बढी भुक्तानी दिनु पर्ने आधार नदेखिएकोले उक्त बढी भुक्तानी रकम अनियमित देखिएको रु.

७,०१५

| गो.भौ. र मिति | बिवरण | भुक्तानी रकम |
|---|---|---|
| २४०/०७७/०३/२६ | प्रथम बिल रु. | २५,५९,६९१|०० |
| २७/०७८/०८/१५ | अन्तिम बिल रु. | ३२,२०,२९५|०० |

५९

१४२/०७८/०३/२३ हेल्थ केयर सेन्टरको अन्तिम बिल बाफत निर्माण व्यवसायी गोकुलेश्वर निर्माण सेवालाई रु.४,८२,८८६|०० भुक्तानी गरेकोमा ल्याब टेस्ट बाफत लेखेको रु.४१,६०५|००(मु.अ.कर बाहेक) को बिल पेस नभएकोले उक्त खर्च लेख्न मिल्ने देखिदैन | तसर्थ बिल बेगरको भुक्तानी भएको उक्त खर्चको बिल पेस गर्नु पर्ने

४७,०१४

| | | | | |
|---|---|---|---|---|
| | | | अन्यथा मु.अ.कर समेत खर्च लेखेको रु.४७,०१४।०० असुल अर्नु पर्ने रु. | |
| ६० | | | **उज्यालो लेकम कार्यक्रम**<br>**ठेक्का नं. ६/०७७/०७८** उक्त कार्यको सम्झौता जय ब्यास जय दोगड़ा जे.भी. ब्यास १,दार्चुला संग मिति २०७७/१२/२७ मा देखिन्छ। निर्माण व्यवसायीले टेन्डर हाल्दा कबोल गरेको बो.ओ.क्यु. रकम रु. १,६५,५९,४७९।०० मु.अ.कर समेत रहेकोमा सम्झौता गर्दा रु.१,६५,७४,४७१/००(मु.अ.कर समेत) मा सम्झौता भएको देखिएकोले कबोल अंक भन्दा रु.१४,९९२।०० बढीमा सम्झौता गरेको पाइयो। निर्माण व्यवसायीले कबोल गरेको रकम भन्दा बढीमा सम्झौता गर्न नमिल्ने देखिएकोले उक्त बढी रकमको सम्बन्धमा एकिन गर्नु पर्ने देखिएको रु. | १४,९९२ |
| ६१ | | | **सम्झौता भन्दा बढी भुक्तानी**<br>गोकुलेश्वर लाली सडक खण्डको चेनेज नं. १७ देखि ३०० सम्मको कार्य गर्न सो संग सम्बन्धित उपभोक्ता समितिसंग मिति २०७७/०९/२३ मा सम्झौता अनुसार लागत अनुमान रकम रु. ५९,८०,६३६।०० मध्ये पालिकाले ५७,५०,०००।०० र उपभोक्ताले रु. १२,३०,६३६।०० (लागत अनुमानको २०%) व्यहोर्ने उल्लेख छ। त्यस्तै लागत अनुमान तयार गर्दा मु.अ.कर लाग्ने आइटमको मु.अ.कर बाफत रु.३९,६७६।०० राखेको छ।उक्त कार्यको प्रथम र अन्तिम बिल भुक्तानी गर्दा अध्यावधिक भएको कामको भुक्तानीमा उपभोक्ताको लागत सहभागिता बाफतको रकम घटी कटाएको र मु.अ.कर सम्झौतामा उल्लेखित भन्दा बढी भुक्तानी गरेको पाइएकोले सम्झौतामा उल्लेख भएको भन्दा बढी रकम उपभोक्तालाई भुक्तानि भएको छ। नियमानुसार उपभोक्तालाई भएको कार्यको भुक्तानी गर्दा सम्झौतामा उल्लेखित भए अनुसार गर्नु पर्नेमा सो अनुसार नगरी बढी भुक्तानी गरेकोले उक्त बढी भुक्तानी रकम असुल गर्नु पर्ने रु. | ५२०,०८४ |

| भौचर नं. मिति | बिल | अध्यावधिक भएको कामकरकम | भुक्तानी हुनु पर्ने रकम | भूक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ८८/०७७/१२/२९ | प्रथम | ३८,५८,११०।०० | ३१,२५,४८८।००(मु.अ.कर रु,३९,०००।०० समेत ) | ३५,०८,१००।०० | ३,८२,६१२।०० |
| १५०/०७८/०३/२४ | अन्तिम | १३,८०,६०६।०० | ११,०५,१६१।०० (मु.अ.कर रु.६७६ समेत) | १२,४२,६३३।०० | १,३७,४७२।०० |

| | | | | |
|---|---|---|---|---|
| ६२ | | | | |
| ६२.१ | | | लाली रतौडा शेरा सडक निर्माण | |
| ६२.२ | | | स्थानिय सरकार संचालन ऐन २०७४को दफा ७८ मा उ.स मार्फत संचालित योजनामा सामाजिक परिक्षण गर्नुपर्ने व्यवस्था छ । तर | |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले रु.६५०९५१२।०० खर्च भएको यस योजनामा सामाजिक परीक्षण गरेको देखिएन।</td><td></td></tr>
<tr><td>६२.३</td><td></td><td></td><td>सार्वजनिक खरीद ऐन २०६३ मा उ.स मार्फत संचालित ५० लाख भन्दा माथि लागत अनुमान भएका योजनामा १.५ प्रतिशत अग्रिम कर काट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले रू. ६५०९५१२.०० खर्च लेखेकोमा रू. ९७६४२.०० कट्टा गर्नुपर्नेमा मात्र रू. २२७१४.०० कट्टा गरेकाले कम भएको रू. ८०७२८।०० कम भएकाले असुल उपर हुनुपर्ने रू.</td><td>७४,९२८</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>गाउँपालिका चालु<br>बैठक भत्ता<br>:<br>अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७.१ खर्चको मापदण्ड सम्बन्धि निर्माणमा एउटै निकाय अन्तर्गतका कर्मचारी वा पदाधिकारी सहभागि बैठकमा बैठक भत्ता उपलव्ध गराइने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा कार्यालयको कर्मचारीमात्र संलग्न भइ बैठक बसी रु. ३३१५०. बैठक भत्ता लिएको देखिन्छ । कार्यसंचालन निर्देशिकाले तोकेको खर्चको मापदण्ड विपरित बैठक भत्ता भुक्तानी गर्नु उपयुक्त नदेखिएकाले असुल गरी राजस्वमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भै.न. र मिती</th><th>बैठकका विवरण</th><th>सहभागि संख्या</th><th>बैठक भत्ता दर</th><th>दिन</th><th>जम्मा भुत्तानी</th></tr>
<tr><td>२।०७७।०५।३१</td><td>परिक्षा बैठक</td><td>८</td><td>१५००</td><td>विभिन्न</td><td>३३१५०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३३१५०</td></tr>
</table></td><td>३३,१५०</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>लागत अनुमान<br>सार्वजनिक खरीद ऐन २०६३ को दफा मा १ लाख भन्दा माथिको कार्य गर्दा लागत अनुमान तयार गरि खर्च गर्नु पर्ने ब्यवस्था छ। यस पालिकाले खरीद निम्न सामग्रि खरीद कार्य गर्दा लागत अनुमान तयार गरेको देखिएन।</td><td></td></tr>
</table>

| गो= भौ र मिति | विवरण | फर्मको नाम | रकम |
| --- | --- | --- | --- |
| १५/०७७/६/४ | स्टेशनरी खरीद | आयुष्मान स्टेशनरी | ४९९९६२। |
| ६४ /१९५/०७८/३/२५ | ल्यापटप | बोहरा ईलेक्टिक र उग्रतारा ट्रेडिङ | ६७५६२७। |
| ११०र२४५/०७८/३/२१ | जे सि बि मर्मत | मा अर्थ मुभर्स | ५३२६५१। |

| | | | | |
| --- | --- | --- | --- | --- |
| ६५ | | | स्थानीय सरकार संचालन ऐन २०७४ तथा पदाधिकारी सेवा सुविधा ऐन २०७५ र संशोधन २०७६ मा पदाधिकारीले स्थानीय तहमा अनुगमन गरेको भत्ता पाउने सम्वन्धमा कुनै ब्यवस्था रहेको देखिदैन । निम्न पदाधिकारीले अनुगमन गरे बापतको रकम असुल गर्नु पर्ने | ३८७,३८६ |

| पदाधिरीको नाम | विवरण | गो भौ र मिति | रकम |
|---|---|---|---|
| प्रमुख प्रमानन्द जोशी | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | ६९२००। |
| उपाध्यक्ष माधवी जोशी | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | ६८६०० |
| वडा अध्यक्ष दौलतसिंह साउद | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | २५००० |
| वडा अध्यक्ष भवानसिंह धामी | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | २२९००। |
| वडा अध्यक्ष राजेन्द्र प्रसाद जोशी | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | ५१४८६। |
| वडा अध्यक्ष महेन्द्र राज जोशी | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | २२९००। |
| वडा अध्यक्ष दिपेन्द्रसिंह बोहरा | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | २२९००। |
| वडा अध्यक्ष कमलापती मिश्र | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | २२९००। |
| का पा सदस्य हीरा धामी | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | ५७००। |
| वडा सदस्य नारायणदत्त भट्ट | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | ८५००। |
| वडा सदस्य कृष्ण पन्त | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | १८४४०। |
| वडा सदस्य पशुपति खत्री | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | १२५४०। |
| वडा सदस्य मानमती मिश्र | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | ११८२०। |
| वडा सदस्य किस्ना टमटा | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | ५९००। |
| का पा सदस्य भागरथी पाल | कार्यक्रम अनुगमन | २७७।०७८।३।३० | ७६६६। |
| **जम्मा** | | | **३८७३८६।** |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | सार्वजानिक खरिद नियमावली २०६४ नियम १९ अनुसार कुनै पनि खरिद वा सेवा स्थायी लेखा र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका सँग गर्नु पर्छ । यस गा.पा.ले शुसासन र पारदर्शिता सम्बन्धि कार्यक्रम सञ्चालन गर्न Api-Saipal Development forum लाई रु.४९६५००।– भुक्तानी गरेको छ । सार्वजनिक खरिद खरिद नियमावली २०६४ अनुसार उक्त सस्थाले कर बिजक पेश गर्नु पर्ने रु. | ४९६,५०० |
| ६७ | | | ६/०७७/६/१ आयकार ऐन २०५८ अनुसार बहालकर वापत १०% कर कट्टी गर्नु पर्ने व्यवस्था छ । यस गा.पा. ले भाडा वापत रु.४७०००/- भुक्तानी गर्दा रु.४७००/- कर कट्टी गर्नु पर्नेमा कर कट्टी नगरेकोले कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने | ४,७०० |
| ६८ | | | ८२/०७७/९/४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायि नियमावली २०७७ को नियम ३९ अनुसार कुनै पनि भुक्तानी दिदा रितपुर्वक बिल भर्पाई चेक जाँच गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ । जे.सि.वि. अपरेटर दान सिंह भाटले J.C.B सर्भिसिङ्ग गरेको भनि रु. ८०००/- भुक्तानी लिएकोमा बिल संलग्न नरहेकोले बील पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु. | ८,००० |
| ६९ | | | **फर्म वा सप्लायर्सलाई भुक्तानी गर्नुपर्ने**<br>यस गा.पा.ले मालसामान खरिद गर्ने र सम्बन्धित फर्वा वा सप्लायर्सलाई भुक्तानी नगरी कर्मचारीलाई भुक्तानी दिने गरेको छ । यसरी कर्मचारी लाई भुक्तानी दिदा खरिद कार्य पारदार्शि र स्वच्छ भएको देखिदैन त्यसैले यस्तो कार्य लाई निरुत्सहित गर्दै सम्बन्धित फर्म वा सप्लायर्सको नाममानै भुक्तानी हुनु पर्दछ । जस्तै उदारण | |

| सि.नं. | फर्मको नाम | समान | रकम | भुक्तानी पाउने व्यक्ति |
|---|---|---|---|---|
| 1 | बालिचन मठैराज निर्माण | टेवल, कुर्चि | 111281/- | वार्ड सचिव लक्ष्मण राज विष्ट |
| | म्यूजिक मार्ट नेपाल | हारमोनियम, मादल, | 50945/- | |
| | निराजन ट्रेडर्स | सोलार व्याट्री | 108833/- | |
| 2 | न्यू काबेरी मोवाइल | मोवाइल खरिद | 47803/- | वार्ड सचिव देव गिरी |
| | हाई टेक कम्प्यूटर | ल्यापटप | 90000/- | |
| | उग्रतारा ट्रेड | प्रिन्टर लगायत | 45000/- | |
| 3 | धामफागला खोला बाटो निर्माण | डोर हाजिर | 143500/- | वार्ड सचिव महेश जोशी |

| | | | | | |
|---|---|---|---|---|---|
| ७० | | | | २२३/०७८/३/११ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायि नियमावली २०७७ को नियम ३९ अनुसार रितपुर्वक बिल भर्पाई चेक जाँच गरी भुक्तानि गर्नु पर्दछ । यस गाउँपालिकाले पत्रपत्रिका र सूचना प्रकाशित गरेको भनि कर विजक बेगर रु.२०००००/- भुक्तानी गरेको छ । यसरी विजक बेगर भुक्तानि भएकोले कर विजक पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. | २००,००० |
| ७१ | | | | २०३/०७८/३/६ सार्वजनिक खरिद ऐन २०६३ अनुसार कुनै पनि निर्माण पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ । यस गाउँपालिकाले वार्ड नं. ३ र ४ मा इन्टरनेट लिज लाइन जोड्ने कार्य सिलबन्दि दरभाउपत्रबाट छनौट भएको नर्मदा इन्फोसिजलाई स्पेसिफिकेशन बमोजिम ठिक भएको खुल्ने प्राविधिक प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन वेगर भुक्तानि भएकोले प्राविधिक प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु. | ६९६,२१६ |
| ७२ | | | | १९१/०७८/२/२३ सौर्य उर्जाबाट खानेपानी आयोजना कार्यन्वयनको लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, लेकम गा.पा. र विटोरा तामाखानी झाजर सोलर खानेपानी उपभोक्ता समिती बिच २०७७ साल कार्तिक ३ गते भएको सम्झौता अनुसार वा परियोजनाको कुल लागत अनुमानको ६०% वा घटिमा १५०००००/- वैकल्पिक केन्द्रले र बाँकी ४०% मध्य १० प्रतिशत उपभोक्ता समितीबाट र बाकी पालिकाले व्यहोर्ने उल्लेख छ । परियोजना सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदनमा कुल खर्च रु. | ५३७,२९३ |

| | | | | |
|---|---|---|---|---|
| | | | २८००६८९/- खर्च भएकोमा वैकल्पिक केन्द्रले ६०% ले रु १६८०४१३/- ,उपभोक्ता समितीले रु.२८००६९१५/- र गाउँपालिकाले रु.८४०२०७।– व्यहोर्नु पर्नेमा गा.पा. ले रु.१३७७५००/- भुक्तानि गरेकोले वढि भुक्तानी भएको रकम रु.५३७२९३/- असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु. | |
| ७३ | | | २५०/०७८/३/२५ सौर्य उर्जाबाट खानेपानी आयोजना कार्यान्वयनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, लेकम गा.पा. र कुशकाडा खोलार खानेपानी योजना बीच २०७७ कार्तिक ३ गते भएको सम्झौता अनुसार परियोजनाको कुल लागत अनुसारको ६०% वा घटीमा रु.१५०००० (पन्ध्र लाख) वैकल्पिक केन्द्रले र वाँकी ४०% मध्ये १०% उपभोक्त समिति र वाँकी गा.पा. ले व्यहोर्ने उल्लेख छ । निर्माण सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन अनुसार कुल खर्च रु. २१३८९६१/- मध्ये ६०% ले रु. १२८३३७६/- वैकल्पिक उर्जा प्रवर्दन केन्द्र, १०% अर्थात रु. २१३८९६/- उपभोक्ता समितीले र बाँकी रु. ६४१६८९/-गा.पा.ले व्यहोर्नु पर्नेमा गा.पा. ले रु. ११३५१५०/- भुक्तानी गरेकोले सम्झौता भन्दा वढि भएको रकम असुल हुनुपर्ने रु. | ४९३,४६१ |
| ७४ | | | २५१/०७८/३/२५ सौर्य उर्जाबाट खानेपानी आयोजना कार्यान्वयनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, लेकम गा.पा. र रातामाटा सौर्य लिफ्ट आयोजना उपभोक्ता समिती बीच २०७७। कार्तिक ३ गते भएको सम्झौता अनुसार परियोजना कुल लागत अनुमानको ६०% वा घटीमा रु.१५०००००/- वैकल्पिक केन्द्रले र बाँकी ४०% मध्ये १०% उपभोक्ता समिती र बाँकी गा.पा. ले व्यहोर्ने उल्लेख छ । निर्माण सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन अनुसार जम्मा खर्च रु. २०१७२४८/- मध्ये ६०% अर्थात रु.१२१०३४८/- वैकल्पिक उर्जा केन्द्रले र १०% अर्थात रु. २०१७२४/- उपभोक्ता समितीले र बाँकी रु.६०५१७६/- गा.पा. ले व्यहोर्नु पर्नेमा गा.पा. ले रु. ११२५२७४/- भुक्तानी गरेकोले वढि भुक्तानि असुल हुनु पर्ने रु. | ५२०,०९८ |
| ७५ | | | पेश्की व्यवस्थापन | |
| ७६ | | | **आर्थिक वर्षको अन्त्यमा पेश्की**<br>पेश्की व्यवस्थापन<br>:<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ५० मा आर्थिक वर्षको अन्त्य सम्म बजेट फ्रीज हुन नदिने उद्देश्यले कसैलाई बैङ्क जमानत नलिई पेश्की दिन नहुने व्यवस्था छ । पालिकाले निम्नानुसार व्यक्ति तथा संस्थालाई आर्थिक वर्षको अन्त्यमा पेश्की दिई आर्थिक वर्षको अन्त्य सम्म पेश्की बाकी रहेको देखियो । आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज नहुने उद्देश्यले पेश्की दिने कार्यमा नियन्त्रण हुनु पर्दछ । | |

| पेश्की लिने व्यक्त वा संस्था | पेश्की दिएको मिति | प्रयोजन | पेश्की रकम |
|---|---|---|---|
| मानमति बादि | २०७८/०३/०९ | बादि समुदाय आवास निर्माण | १६५००० |
| लक्ष्मि बादि | २०७८/०३/०९ | बादि समुदाय आवास निर्माण | १६५००० |
| जगदिश बादि | २०७८/०३/१० | बादि समुदाय आवास निर्माण | १६५००० |

७७

**पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।

४९५,०००

| पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| गगन निर्माण सेवा | रोड निर्माण | ० | १०००००० |
| एस के निर्माण सेवा | हुनैनाथ मावि भवन निर्माण | | १०००००० |
| गोकुलेश्वर निर्माण सेवा | भवन निर्माण विद्यालय | | ९५७०० |
| शैल्यशिखर मालिकार्जुन निर्माण सेवा एण्ड सप्लायर्स | विद्यालय भवन निर्माण | | ९५७०२ |
| नागार्जुन कन्स्ट्रक्सन | स्वास्थ्य भवन निर्माण | | ३१९०८४ |
| हुनैनाथ आवि पिड | विद्यालय भवन निर्माण | | १४८५०० |
| सिद्वनाथ मन्दिर निर्माण आठा | मन्दिर निर्माण | | ४९५०० |
| निर्मला खड्का | मातृ तथा नव शिशु कार्यक्रम | | ११४००० |
| मानमती वादी | आवास निर्माण | १६५००० | |
| लक्ष्मी वादी | आवास निर्माण | १६५००० | |
| जगदिश वादी | आवास निर्माण | १६५००० | |
| | जम्मा | ४९५०००।०० | |

म्याद नाघेको पेश्कि रकम नियमानुसार फर्छ्योट हुनुपर्ने रु.

७८

**आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरु**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु अन्तिम लेखापरीक्षण हुनुसम्म फर्छ्यौट भइसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार व्यहोराहरु लेखापरीक्षण अवधिसम्म फर्छ्यौट नभएकोले नियमानुसार फर्छ्यौट हुनु पर्दछः-

| | | | | |
|---|---|---|---|---|
| ७८.१ | | | गो.भौ.नं १५२/२०७८-०३-२२ घटना दर्ता शिबिर पेश्की फर्छौट र बाकी रकम भुक्तानी गरी प्रकाश राज बिष्टको नाममा भुक्तानी भएको रकममा छ वटै वडा हरूमा तिन दिने घटना दर्ता शिबिर संचालन गरेको ब्यवहोरा देखिएता पनी के कती सेवाग्राहीहरू ले कुन कुन सेवा लिइ लाभान्वित भए , कार्यक्रमको मापदण्ड, औचित्यता पुष्ट्याइ गर्ने कागजात हरू नभइ खाना, नास्तार रकम बुझेको भरपाइमात्र राखिएको भुक्तानी भएकोले नियमित गर्नु पर्ने रु. | ४१३,००० |
| ७८.२ | | | गो.भौ.नं १६७/२०७८-०३-२४ बृहत पोषण प्याकेज तालिम कार्यक्रमको हर्क बहादुर पालको नाममा भुक्तानी भएको ९५२८०/- रकममा ओ.टि.सी कार्यक्रम संचालनको लागी स्वास्थ कर्मी तथा माहिला स्वास्थ्य स्वयंम सेबिका संचार यातायात तथा उत्प्रेरणा खर्चको बिल भरपाईमा सर्मोली लेकम-२ स्वास्थ्य चौकीको १५ जनाको ५०० का दरले बुझेको भरपाई नभएको देखिन आएकोले नियमित गर्नुपर्ने रु. | ७,५०० |
| ७८.३ | | | भौ.नं १५६/२०७८-०३-२४ पञ्जिकरण शाखाको खर्च भुक्तानी वाफत प्रकाश राज बिष्टको नाममा भुक्तानी भएको १२३५४६/- रकममा मोवाईल खरिद वाफत ४४०००/-को भ्याट बिल देखिन्छ । कार्यालय प्रयोजनको लागी खरिद गरिने जिन्सी सामान स्टोर दाखिला गर्नुपर्ने रु. | ४४,००० |
| ७८.४ | | | गो.भौ नं २१०/२०७८-०३-३० र गो.भौ नं २११/२०७८-०३-३० श्री लटिनाथ आधारभुत बिद्यालय को नाममा भुक्तानी भएको क्रमशः ६४१५९७/- र ६४१९८७/- रकम राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक तथा शैक्षिक बिकासका लागी अनुदान वापत का दुइ योजनाहरुमा सो बिद्यालयले एउटै स्पशिफिकेशनका कम्प्युटर जन्य सामग्री खरिदको लागी एउटै मिती २०७८/०२/१९ गते दरभाउ पत्र आह्वान का फरक फरक सुचना प्रकाशित गरेकोमा प्राप्त बिना शिलबन्दी भएका दरभाउ पत्रहरु मध्ये एउटै फर्म Gadtola Traders छनौट गरि भुक्तानी भएकोले खरिद प्रकृया नियम संगत भएको नदेखिएको । | |
| ७८.५ | | | गो.भौ.नं ३९/२०७८-०३-२९ सोलार खरिद खर्च भुक्तानी वापत निराजन ट्रेर्डस एण्ड सप्लायर्स लाई रु.२९६०३१/- भुक्तानी भएको रकममा उक्त सोलारहरु स्टोर दाखिला नभएको देखियो । स्टोर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.<br><br>**प्रतिक्रियाः** मिति २०७९।१।२७ को निर्णयले प्रतिक्रियाबाट हटेको । | |
| | | | | |

७९ बेरुजु संपरीक्षण तथा लगत व्यवस्थापन

**अनुगमन तथा सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छः

(रु हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ४६३०२ | २४३ | ४६०५९ |

८० यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ:

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १. | २०७५।७६ | ३८ | बढी निकासा भएको रकम असुल हुनुपर्ने | राजस्व दाखिला गरी सक्कल भैचर पेश। | | | | ४२५००.०० |
| २. | ,, | ३८.४ | बढी निकासा भएको रकम असुल हुनुपर्ने | राजस्व दाखिला गरी सक्कल भैचर पेश। | | | | १६०००.०० |
| ३. | ,, | ३९.१ | बढी निकासा भएको रकम असुल हुनुपर्ने | राजस्व दाखिला गरी सक्कल भैचर पेश। | प्रमाण पेश | | | ४००००.०० |
| ४ | | ३८.१ | प्रमाणित हाजिर बेगर खर्च लेखेको | | प्रमाण पेश | | | १४४८००.०० |
| | जम्मा | | | | | | | २४३३००.०० |

८१ उल्लिखित सम्परीक्षणबाट निम्नानुसार थप बेरुजु कायम भएको छ ।

८२ अद्यावधिक बेरुजु

यस पालिकाको २०७७/०७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः

(रु हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष कायम बेरुजू(B) | संपरीक्षणबाट कायम बेरुजू(C) | अध्याविधक बाँकी बेरुजू (D) (D=A+B+C) |
|---|---|---|---|
| ४६०५९ | २०४०३ | ० | ६६४६२ |